
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ २५ गते बिहीबार ❑ 8 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## लायन्स क्लब अफ ईन्टरनेशनलद्धारा मानवसेवा आश्रमको नवनिर्मित भवन हन्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ



पोखरा २५ हेमजा स्थित मानवसेवा आश्रम शाखा कार्यालयको नवनिर्मित भवन (हल र किचन) को उद्घाटन सहित हस्तान्तरण गरिएको छ । लायन्स क्लव ईन्टरनेश्नल डिष्ट्रिक ३२५ बी वानको सहयोगमा हालै निर्माण भएको उक्त भवनको एक समारोहका बिच बुधबार उद्घाटन सहित हस्तान्तरण समेत गरिएको हो ।

किचन, ट्वाईलेट वाथरूम सहित १७ कोठा रहेको उक्त भवन निर्माणमा १ करोड ६५ लाख ८ हजार लगानी भएको आश्रमका केन्द्रीय कोषाध्यक्ष होमनाथ तिमिल्सिनाले हामीलाई बताउनु भयो। लायन्सबाट १ लाख अमेरिकी डलर (करिब १ करोड २५ लाख) बाट सहयोग प्राप्त भएको हो। करिब साँढे ३ बर्षमा उक्त भवन निर्माण भएको हो । लायन्स अन्तर्राष्ट्रिय निर्देशक बालकृष्णा बुर्लाकोटीले उक्त भवनको बुधबार उद्घाटन तथा हस्तान्तरण गर्दै आश्रममा नमुना भवन निर्माण भएको दाबी गर्नु भयो । ३६५ दिननै आश्रममा खाना नानाको व्याबस्थापन गर्न सके आश्रमलाई दिगो रूपमा संचालन गर्न सकिने उहाँले बताउनुभयो । यो लायन्सको नमुना कार्य भएको निर्देशक बुर्लाकोटीले बताउनुभयो।

लायन्सले देशका अन्य ठाउँमा आश्रम बनाउने अभियानमा रहेको उहाँले जनाउनु भयो । मानवसेवा आश्रमको कार्य र लायन्स क्लब अफ ईन्टरनेशनलको उद्देश्य एउटै रहेकाले सो कार्यमा आश्रमसँग समन्वय गरिएको परियोजनाका प्रोजेक्ट म्यानेजर विशेश्वर आचार्यले बताउनुभयो । नेपालमा करिब ४० हजारको संख्यामा लायन्सका सदस्यहरु रहेकोले अनाथ र असायलाई नाना, खाना लगायतको सेवा सुविधामा जुट्नु आचार्यले आग्रह गर्नुभयो । आश्रममा ३६५ दिनै खाना खाजाको व्यावस्था मिलाउने उहाँले बताउनुभयो । १६ लाखको लागतमा पार्क समेत निर्माण गरिएको लायन्स होमराज भट्टराईले बताउनु भयो ।

उक्त परियोजना सन् २०२१/२०२२ मा सुरू गरिएको हो। जग्गा दाता मोतीबहादुर थापाले ५ वर्षमा धर्मशाला निर्माण नदी तटबन्ध लगायतका योजना बनाउने आश्वासनमा उक्त जग्गा उपलब्ध गराएको बताउनुभयो । भावुक हुदै उहाँले उक्त आश्रममा भवन निर्माणको क्रममा पारदर्शी गर्न आग्रह गर्नुभयो । हेमजा शाखामा १ सय २४ ज्येष्ठ नागरिक हुनु हुन्छ भने छोरेपाटनमा ७६ बृद्वाहरू आश्रीत हुनुहुन्छ ।

आश्रमका परिकल्पनाकार एवं संस्थापक अध्यक्ष रामजी अधिकारीले २०८२ मा देशका सबै स्थानमा सडक मानव मुक्त बनाउने सरकारको अभियानलाई मानव आश्रमले सहयोग गर्ने दाबी गर्नुभयो । हेमजामा ६३ रोपनी जग्गा आश्रममा रहेको छ। लायन्स ईन्टरनेश्नल ३२५ जेका गर्भनर हरि प्रसाद मरठ्ठाले लायन्स क्लवले समाज सुधारको पक्षमा यस्ता उदाहरणीय कार्य गर्दै जानुपर्ने बताउनुभयो । पहिलो तला पोखरा महानगर १ करोड ७२ लाखको लागतमा निर्माण गर्न सुरु गरेको छ भने दोश्रो तला गण्डकी प्रदेशको सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय र महायज्ञबाट संकलन रकमबाट निर्माण गरिने भएको छ । प्याब्सन कास्कीका अध्यक्ष मथुरा प्रसाद पौडेलले आश्रममा रहेका अनाथ तथा असाय एवं बृद्ध बृद्धाहरुलाई समाजका असल मानिसहरुले नै रेखदेख गर्नुपर्नेमा जोड दिनुभयो ।

## कल्याण शेरचन स्मृति दिवसमा कुमार र राजनलाई सम्मान अर्पण

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ



कल्याण शेरचन स्मृति प्रतिष्ठानले वरिष्ठ लोक गायक कुमार बस्नेतलाई श्रष्टा सम्मान अर्पण गरेको छ । 'उनकै छोरी तरुनी', 'कटर कटरमा', 'लैबरी लै', 'छोरी भन्दा आमा तरुनी' लगायतका चर्चित गीतका स्रष्टा बस्नेतलाई ३३ हजार ३ सय ३३ रुपैयाँ नगद सहित सम्मान अर्पण गरेको हो ।

प्रतिष्ठानले लोक स्रष्टा, साधक तथा शिल्पी स्व. कल्याण शेरचनको १३ औं स्मृति दिवसको सन्दर्भ पारेर बुधबार आयोजना गरेको कार्यक्रममा स्व.चेतन कार्की नव प्रतिभा प्रोत्साहन सम्मान पुरस्कार राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल गण्डकी प्रदेश कार्यसमितिका अध्यक्ष रहेका राजन कार्कीलाई अर्पण गऱ्यो । यो पुरस्कारको राशी ११ हजार १ सय ११ रुपैयाँ नगद रहेको थियो। उनीहरुलाई वरिष्ठ संस्कृतिविद् डा.जगमान गुरुङ, प्रतिष्ठानका अध्यक्ष क्या.पूर्णबहादुर गुरुङ ह्योल्मो, गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्ची, वरिष्ठ लोकगायिका हरिदेवी कोइराला, प्रतिष्ठानका प्रमुख संरक्षक सर्मीला शेरचन, संरक्षक नरबहादुर शेरचन लगायतले नगदको साथमा फूलमाला, दोसल्ला र सम्मानपत्र सहित पुरस्कार तथा सम्मान अर्पण गरेका हुन् ।

सम्मान ग्रहण गरेपछि बोल्दै वरिष्ठ लोक गायक बस्नेतले पोखरासँगको आफ्नो साइनो पुरानो भएको सुनाए । पोखरालाई सम्झदा खिम बहादुर गन्धर्व, विर्खबहादुर गन्धर्व, झलकमान गन्धर्व, हरीदेवी कोइराला लगायतलाई सम्झने गरेको बताए । पोखरालाई सांस्कृतिक केन्द्र बनाउनुपर्छ भनेर पहिलेदेखिनै आवाज उठाउदै आएको समेत उनले खुलाए । उनले कल्याण शेरचन, चेतन कार्की, मिन बहादुर गुरुङ, मिनकाजी गुरुङ लगायतसँग गरेको सहकार्यको समेत स्मरण गरे । डाँफे कलामन्दिरको प्रतिनिधित्व गरेर दार्जलिङ सिक्किममा गएर प्रस्तुती राख्दा पाएको तारिफ अझै ताजै रहेको उनको भनाई थियो ।

नेपालमा लोकगीत र दोहोरी गीतको सुरुवात आफूले गरेको बताएका उनले अहिले समेत देश विदेशका कार्यक्रममा व्यस्त रहेको जनाए । तरुनी फकाउने गीत गाएर कुमार बस्नेत भएको भन्नेहरु समेत भएको भन्दै त्यस्तो भन्दा आफूलाई चित्त नदुख्ने बताए । हरेक देशको आ-आफ्नो संस्कृति भएकोले त्यसको संरक्षण गर्नुपर्नेमा उनको जोड छ। कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ संस्कृतिविद् डा.जगमान गुरुङले स्व.कल्याण शेरचनले अम्मरसिँह मावि पढ्दाका दिनको स्मरण गरे । शेरचन बहुमुखी प्रतिभाको व्यक्ति भएको भन्दै नाँच्न, गाउनमा मात्र नभएर खेलमा समेत अब्बल रहेको सुनाए । कार्यक्रममा सम्मानित भएका कुमार बस्नेतको समेत उनले प्रशंसा गरे। त्यतिबेलाको माहोलको कारण धर्मराज थापाले रुवाउने गीत गाउने गरेको र कुमार बस्नेतले हँसाउने गीत गाउने गरेको खुलाए। डा. गुरुङले गीत समेत गाउदै आफूतर्फ ध्यान खिँचे । कल्याण शेरचन स्मृति प्रतिष्ठानका अध्यक्ष क्या.पूर्णबहादुर गुरुङ ह्योल्मोको अध्यक्षतामा भएको कार्यक्रममा गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्ची, वरिष्ठ लोक गायिका हरिदेवी कोइराला, पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकाल, प्रतिष्ठानका उपाध्यक्ष श्रीजंग गुरुङ, सचिव जीवन दाहाल लगायतले बोलेका थिए। कार्यक्रममा कलाकारले कल्याण शेरचनले सिर्जना गरेका गीतहरु समेत सुनाएका थिए। नव प्रतिभा प्रोत्साहन सम्मान पुरस्कार प्राप्त गर्न सफल राजन कार्कीले आमा सम्बन्धि गीत सुनाए। स्रष्टा सम्मान, एवम् स्व. चेतन कार्की नव प्रतिभा प्रोत्साहन सम्मान पुरस्कार छनोट समितिका संयोजक खेम गुरुङको संयोजकत्वमा गठन भएको समितिले गरेको सिफारिसको आधारमा उनीहरुलाई सम्मान गरिएको प्रतिष्ठानले जनाएको छ । छनोट समितिको सदस्यमा पदमराज ढकाल, मनकुमार श्रेष्ठ, ज्ञानबहादुर थापा र यामबहादुर गुरुङ रहेका थिए। नेपाली लोक गीत तथा संगीतमा चर्चित गीतहरु 'सोह्र वर्षे उमेरैमा', 'आहा कलिलो तामालाई', 'राम्दी पुल' जस्ता गीतका सर्जक लोक स्रष्टा, साधक तथा शिल्पी स्व. कल्याण शेरचनको स्मृतिमा कल्याण शेरचन स्मृति प्रतिष्ठान स्थापना भएको हो ।

## चैते धानको प्रवर्द्धनमार्फत खाद्यान्नमा आत्मनिर्भरता बढाउँदै पोखरा महानगर

**रासस**
गण्डकी, २४ माघ

सर्वसाधारणलाई खाद्यान्नमा आत्मर्भिरतातर्फ उन्मुख गराउने लक्ष्यका साथ पोखरा महानगरपालिकाको 'एक वडा, एक पकेट' कार्यक्रमअन्तर्गत चैते धानको प्रवर्द्धनमा जोड दिइएको छ।

सिँचाइयुक्त उब्जाउयोग्य जमिनको अधिकतम् उपयोग गर्दै त्यसबाट सर्वसाधारणले लाभ लिन सकून् भन्ने उद्देश्यका साथ महानगरपालिकाले बर्सेनि चैते धान खेतीका लागि कृषकलाई सहयोग गर्दै आएको हो। चैते धानको प्रवर्द्धन गर्दै महानगरपालिकाभित्रका वडा नं १४, १५, २६ र २७ मा चैते ५ जातको धानको बीउ ५० प्रतिशत अनुदानमा वितरण गरिरहेको पोखरा महानगरपालिकाका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो । उक्त क्षेत्रका कृषकले यसअघि स्थानीय जातको चैते धान लगाउने गरेकोमा चैते ५ जातको धानको बीउ वितरण गरेसँगै उत्पादनमा पनि वृद्धि भएको उहाँले बताउनुभयो । "स्थानीय जातको बीउ लगाउँदा प्रतिरोपनी दुई मुरी धान फल्ने गरेकामा अहिले छ मुरीसम्म फल्न थालेको छ", उहाँले भन्नुभयो, "चैते धानका कारण जमिनको सदुपयोगसँगै खाद्यान्नमा आत्मनिर्भर बन्न पनि सहयोग पुऱ्याएको छ ।" महानगरपालिकाले यस वर्ष चार टन चैते धानको बीउ ५० प्रतिशत अनुदानमा वितरण गर्न लागेको बताउँदै उहाँले पोखरा महानगरपालिका-२६ का किसानलाई वितरण गरिसकिएको जानकारी दिनुभयो । गत वर्षदेखि वितरण गरिएको चैते ५ जातको बीउबाट उत्पादित धान मसिनो, खान पनि स्वादिलो र प्रतिरोपनी पाँचदेखि सात मुरीसम्म फल्ने गरेको कृषक बताउँछन्। पोखरा महानगरपालिका-२६ मा गत वर्ष दुई सय ६५ जना कृषकलाई रु आठ लाख ४५ हजार प्रोत्साहन सहयोग पनि गरिएको वडाध्यक्ष नरेन्द्र थापाले बताउनुभयो ।

"उक्त प्रोत्साहन सहयोगलाई यस वर्ष पनि निरन्तरता दिइएको छ", उहाँले भन्नुभयो, "वडाले आगामी दिनमा कृषि उत्पादनलाई प्राथमिकता दिँदै कृषि बजार बनाएर स्थानीय उत्पादनलाई बजारीकरण गर्न सहयोग पुऱ्याउने योजना राखेको छ ।" महानगरपालिकाले चैते धान खेतीमा प्रोत्साहनका लागि रोपाइँ सकिएको ४५ दिनपछि स्थलगत अनुगमन गरी प्रतिरोपनी रु नौ सय प्रोत्साहन रकम उपलब्ध गराउँदै आएको पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख कडरियाको भनाइ छ। अघिल्लो वर्ष महानगरपालिकाले चैते धान रोपाइँ गर्ने कृषकलाई रु १२ लाख प्रोत्साहन रकम उपलब्ध गराएको उहाँले जानकारी दिनुभयो । महानगरपालिकाले पकेट कार्यक्रमअन्तर्गत सूचना प्रकाशन गरेअनुसार माघ १५ गतेसम्म प्राप्त आवेदनको आधारमा एक हजार रोपनीभन्दा बढी क्षेत्रमा तीन हजार दुई सय किलोग्राम चैते धानको बीउ वितरण गरिरहेको महाशाखाले जनाएको छ । चैते ५ धानको बीउ रोपेको एक सय २० दिनमा काट्न तयार हुने बताउँदै उहाँले भन्नुभयो, "यसका लागि छिटो ब्याड तयार गरी सकेसम्म गुमोज बनाइ ब्याड तयार गर्नुपर्छ, हामीले फागुन २० गतेभित्र धान रोप्ने गरी कृषकलाई तयारी गर्न भनेका छौँ ।" महाशाखाले जमिन तयारी, मल व्यवस्थापन, सिँचाइ, रोप्ने दूरी, रोग किरा व्यवस्थापनका साथै खेती प्रविधिबारे अभिमुखीकरण गरी चैते धान खेती प्रविधि पुस्तिकासमेत वितरण गरिरहेको उहाँले जानकारी दिनुभयो। चैते धान तराई, मध्यतराई, मध्यपहाड र उच्चपहाडी क्षेत्रका साथै हिमाली जिल्ला ताप्लेजुङ र सोलुखुम्बुमा पनि उत्पादन हुने गरेको पाइन्छ । तथ्याङ्कअनुसार देशमा करिब ९२ प्रतिशत धान खेती बर्षातमा गर्ने गरिएको छ भने करिब सात प्रतिशत चैते धान र एक प्रतिशत जाडो मौसमअर्थात् माघको अन्तिममा रोपिँदै आइएको छ । विशेष गरेर चैतमा दिन लामो तथा रात छोटो हुने भएको र आकाशमा बादल नलाग्ने बेला, सूर्यको ताप बढी हुने र सूर्यको किरणको शक्ति बालीको हरित कणमार्फत् बालीले तान्ने भएकाले असारको तुलनामा चैतमा धेरै उत्पादन हुने गर्दछ।


आकाशमा कम बादल र बढी सुक्खा हुने भएकाले चैते धानमा विभिन्न रोगजन्य प्रकोप पनि कम हुने कडरियाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "चैते धानको खेतीसमेत गर्दा खेत बाँझो पनि नहुँने र उत्पादनसमेत बढ्ने भएकाले नेपाल सरकारले पनि यसलाई प्राथमिकतामा राखेको छ।" गण्डकी प्रदेशमा पोखरा र आसपासका क्षेत्रका साथै नवलपुरको मध्यविन्दु, त्रिवेणी, तनहुँको व्यास, भिमाद, गोरखाको दरौँदी किनारलगायत क्षेत्रमा चैते धानको बढी खेती हुने गरेको छ भने अन्य जिल्लामा पनि केही मात्रामा चैते धानको खेती गरिँदै आइएको छ। प्रदेशभित्र चैते धानमा 'सिएच' ४५, चैते २, चैते ५, चैते ६ लगायतका जातको खेती गरिँदै आइएको पाइन्छ।

## पोखरामा २६ र २७ माघमा विद्यालयस्तरीय बुद्धिचाल प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजनामा विद्यालयस्तरीय बुद्धिचाल प्रतियोगिता हुने भएको छ।

पोखरा महानगरपालिका बुद्धिचाल संघको व्यवस्थापनमा आगामी शुक्रबार र शनिबार विद्यालयस्तरीय छात्र/छात्रा बुद्धिचाल प्रतियोगिता हुन लागेको हो । पोखरा रंगशालास्थित बहुउद्देशीय कभर्ड हलमा हुने प्रतियोगितामा ६० विद्यालयका २५० जना छात्र/छात्राको सहभागिता रहने खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्काले जानकारी दिए । स्वीस प्रणालीअनुसार ७ चरणमा खेल खेलाइने छ । प्रतियोगितामा एउटा विद्यालयबाट बढीमा दुई टिम सहभागी हुन पाउने नियम राखिएको छ। एउटा टिममा दुई छात्र वा दुई छात्रा सहभागी हुन पाउने खड्काले बताए । प्रतियोगितामा छात्र/छात्रातर्फ प्रथम, द्वितीय, तृतीय हुनेले क्रमशः ७ हजार, ५ हजार र ३ हजार रूपैयाँसहित मेडल र प्रमाणपत्र पाउने छन् । चौंथो र पाँचौं हुनेले क्रमशः २ हजार र १ हजार रूपैयाँसहित मेडल र प्रमाणपत्र पाउने महानगर बुद्धिचाल संघका अध्यक्ष चन्द्रबहादुर गुरूङले जानकारी दिए । छैटौंदेखि दसौं स्थानसम्म प्राप्त गर्ने ५ जना सहभागीले मेडल र प्रमाणपत्र पाउने उनले बताए ।

का.जि.द.नं. ५६/०५६ हु.नि.पो.द.नं. ०१/०७९/०८०


# भेट्रान फुटबलका ४० वर्षमाथिको सेमीफाइनल समीकरण पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ



पोखरा, २४ माघ-पोखरामा जारी अन्तर्राष्ट्रिय भेट्रान एट ए साइड फुटबल प्रतियोगिताको ४० वर्ष माथि उमेर समूहको सेमीफाइनल समिकरण पुरा भएको छ।

बगर भाइखलकको आयोजनामा पोखरा १ टुडिखेलमा जारी दोस्रो हिमालय ब्रुअरी तथा तेह्रौं बगर भाइ खलक अन्तराष्ट्रिय भेट्रान फुटबल प्रतियोगितामा बुधबार ४० वर्षमाथिको क्वाटरफाइनल तथा ५० वर्ष माथिको एक क्वाटर र प्रिक्वाटरफाइनल खेल सम्पन्न भएको छ । ४० वर्षमाथिको पहिलो क्वाटरफाइनल खेलमा एक्स वारियरले आयोजक बगर भाइखलकलाई टाइब्रेकरमा ५-४ ले हराउँदै सेमीफाइनलमा प्रवेश गरेको छ । निर्धारित समयको खेलमा १-० को अग्रता लिएको बगरले थप गरिएको अतिरिक्त तीन मिनेटमा गोल खाँदै १-१ को बराबरीमा पुगेको थियो।

दोस्रो क्वाटरफाइनल खेलमा जोरपाटी काठमाडौंले हेटौडा भेट्रानलाई ३-० ले हराउँदै सेमीफाइनलको यात्रा तय गरेको छ । अब जोरपाटीले सेमीफाइनलमा एक्स वारियरको सामना गर्नेछ। तेस्रो क्वाटरफाइनल खेलमा नागस्वेती भेट्रानले थापा गाउँ भेट्रानलाई ३-२ ले पाखा लगाएको छ । अन्तिम क्वाटरफाइनल खेलमा ठमेलले चावहिल भेट्रानलाई ५-१ ले हराउँदै नागस्वेतीसँगको भेट पक्का गरेको हो। प्रतियोगितामा तीन विधाका खेलहरु भइरहेको छन् । ४० वर्ष उमेर समूहमाथि, ५० वर्ष उमेर समुह माथि र ६० वर्ष उमेर समूह माथिको खेल भइरहेको छ । बुधबार नै भएको ५० वर्षमाथिको प्रिक्वाटरफाइनलमा फ्रिडम धोलाहिटीले कुपण्डोल भेट्रानलाई ३-० ले पाखा लगाएको छ।

सोही विधाको क्वाटरफाइनल खेलमा संगम भेट्रानले हेटौडा भेट्रानलाई ४-२ ले पाखा लगायो । भोलि तीन क्वाटरफाइनल खेल हुनेछन भने ४० वर्षमाथिको सेमीफाइनल खेल समेत हुनेछ । यस्तै ६० वर्षमाथिको सेमीफाइनल समेत भोलिनै हुने आयोजकले जानकारी दिएको छ।

# म्याराथनमा तमु धी र वडा नं ३ ले धावकलाई स्वागत गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ



पोखरामा फागुन ५ गते हुने '१८ औं सफल पोखरा अन्तर ाष्ट्रिय म्याराथन'लाई आकर्षण बनाउन विभिन्न जात-जातीको मौलिक सांस्कृतिक भेषभुषा तथा बाजागाजासहित धावकहरुलाई स्वागत गरिने भएको छ।

नेपाल भुतपुर्व खेलाडी मञ्चको आयोजनामा हुने म्याराथनका लागि विभिन्न चोकहरुमा रहेर सांस्कृतिक रुपमा स्वागत गर्ने तमुधी नेपाल र वडा ३ का विभिन्न संघ संस्थाले प्रतिबद्धता व्यक्त गरेका हुन्।

छुट्टा-छुट्टै सम्पन्न क्रममा सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनको १८ औं संस्करणलाई भव्य बनाउन आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएका छुन् । पोखरा अन्तर ाष्ट्रिय म्याराथन सफल बनाउन पोखरामा तमु धी नेपाल र वडा नं ३ मा छुट्टा-छुट्टै भेला र छलफल सम्पन्न भएको मञ्चले जनाएको छ । पोखरा महानगर वडा नं ३ मा भएको विभिन्न समूह तथा संस्थाहरुसँगको छलफल कार्यक्रममा बोल्दै वडा नं.३ का वडाअध्यक्ष प्रकाश मान उदासले आफ्नो वडाभित्र पर्ने रुटमा सांस्कृतिक कार्यक्रम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। अन्तर्राष्ट्रिय प्रतियोगिता भएकाले वडाको पहिचान गर्ने अवसर मिल्ने हुँदा सबै आमा समूह, युवा क्लब तथा टोल विकास संस्थालाई मौलिक विविध बाजा तथा सांस्कृति झ्याकिसहित उपस्थिति हुन अनुरोध गरे। अध्यक्ष उदासले वडामा रहेका फरक फरक जातजातीका मौलिक बाजाहरुको धुनले धावकलाई उर्जा थप्ने काम गर्ने हुँदै सफल पोखरा म्याराथनलाई आफ्नो वडामा स्वागत गर्ने बताए । विधता पौरखी केन्द्रकी अध्यक्ष शान्ति उदासले पोखरा म्याराथनमा सबै आमा समूह, युवा क्लब तथा टोल विकास संस्थाले आफ्नो वडा भित्र रहेको विविध मौलिक सांस्कृतिक पहिचानसहित धावकलाई स्वागत गर्ने सुनाइन् । उनले आफुहरुले फरक-फरक संस्कृति झल्कनेगरी सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन् । संघ संस्था समन्वय संयोजक शम्मर बहादुर श्रेष्ठले आ-आफ्नो ब्यानरसहित स्वागत गरिदिन आग्रह गरे । यस्तै तमु धी नेपालको मुख्य कार्यालय पोखरा नयाँबजारमा भएको छलफलमा तमु धी नेपालका अध्यक्ष हुम तमुले म्याराथनको रुटमा पर्ने गुरुङ समाजले जातीय पहिचानसहितको मौलिक बाजाले धावकलाई स्वागत गर्ने प्रतिबद्धता व्यक्त गरे । पोखरा म्याराथनमा आफ्नो संस्कृति देखाउँदा संसारमा फैलने उनले सुनाए।

तमु धीको तर्फबाट म्याराथनको रौनक बढाउन रन फर फनमा समेत सहभागी हुने उनले बताए। तमु धीमा सम्पन्न कार्यक्रममा मञ्चका निवर्तमान अध्यक्ष तेज बहादुर गुरुङले पोखरा म्याराथनका विभिन्न पक्षहरु बारे चर्चा गर्दै सबैलाई म्याराथनमा सहभागिता जनाउन आग्रह गरे । उनले भने-"यो विशेष एक संस्थाको मात्रै कार्यक्रम होइन । यो समग्र पोखरेलीहरुको कार्यक्रम हो । म सबैलाई फागुन ५ गते आयोजना हुने पोखरा म्याराथन सफल बनाउन आग्रह र आह्वान गर्दछु।"

# कानुनी अधिकारबारे कारितासको अर्न्तक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ



सिमान्तकृत समुदायको बिचमा रहेर, दिगो आर्थिक बिकासका लागि जलवायु अनुकुलको कृषिबाट आर्थिक रुपान्तरणमा सहयोग पुऱ्याउदै आएको कारितास नेपाल फिल्ड अफिस पोखराले बिभिन्न पाँच कृषक समहलाई आफ्नो अधिकार बारे सहजीकरण गरेको छ।

नेपाल जिविकोपार्जन तथा उत्थानशिलता परियोजना अर्न्तगत रुपा गाउपालिका बडा नं ७ मा उक्त कार्यक्रम संचालन भईरहेको छ। वडा नं ७ को रामकोट, हाँसपोखरी, माझगाउँ, सहकारीहरु र वडासंग मिलेर उक्त कार्यक्रम संचालन भईरहेको कारितास नेपाल फिल्ड अफिस पोखराका प्रमुख शोभा आर्चायले सो जानकारी गराउनु भएको हो । बुधबार भएको अर्न्तक्रया कार्यक्रममा कृषकहरुको घरबगैंचा समुह, कुखुरापालन, बाख्रा पालन समुह, मौरीपालन र तरकारीखेती समुह अर्न्तगतका कृषक समुहहरुले भाग लिएका थिए । कृषि उत्पादनलाई दिगो आम्दानी बनाउनका लागि कारितासले आफ्ना समुहका कृषकहरुलाई कुखुराको चल्ला, बाख्रा पालनका लागि सहकारी मार्फत ऋण (पछि उक्त ऋण अनुदानमा परिणत गरिने ) तरकारी खेतीका लागि बिउबिजन, फलफूल खेतीका लागि बोट बिरुवा, जैबिक बिषादी फेरोमेन ट्राप लगायतका सामाग्रीहरु प्रदान गर्दै आएको छ। कृषक समुहको अन्तरकृया कार्यक्रममा स्थानिय तहकाका अधिकार, स्थानिय न्यायिक समितिका काम कर्तब्य र अधिकारका साथै कृषि क्षेत्र र सहकारी ब्यवस्थापनका बारे छलफल भएका थिए । कार्यक्रममा अधिबक्ता दुर्गा भण्डारीले स्थानिय न्यायीक समितिको काम कर्तब्य र मुद्दाका अधिकार क्षेत्र बारे सहजीकरण गर्नुभएको थियो । कारतिास नेपाल पोखरा फिल्ड अफिसका प्रमुख शोभा आर्चायले कृषकको अधिकार र कृषकले पाउने अनुदानका साथै सहकारी ब्यवस्थापन बारे सहजीकरण गर्नुभएको थियो । कार्यक्रमको संचालन कारितासका कार्यक्रम सहायक बबिता गुरुङ र रुपा गाउपालिका वडा नं ७ का कृषि शाखाका सूर्यभक्त खनाल लगायतले मन्तब्य राख्नु भएको थियो।

# केराका थामबाट बनाइएका सामग्रीमा दर्शकको आकर्षण

**पोखरापत्र संवाददाता**
वालिङ, २४ माघ



स्याङ्जाको वालिङमा सञ्चालित महोत्सवमा केराका थामबाट बनाइएका सामग्रीमा दर्शकको आकर्षण बढेको छ।

वालिङ उद्योग वाणिज्य सङ्घले आयोजना गरेको आठौं वालिङ महोत्सवस्थलमा स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले केराका थामबाट बनाएका सामग्री अवलोकन तथा खरिद गर्नेको घुइँचो बढेको हो।

उद्योग वाणिज्य सङ्घले कृषि तथा हस्तकलाका सामग्री प्रदर्शनका लागि निःशुल्क उपलब्ध गराएको व्यापारिक कक्षमा गाउँपालिकाले बनाएका हस्तकलाका सामग्री प्रदर्शन गरिएको हस्तकला तथा स्थानीय उत्पादन व्यवस्थापन समितिका संयोजक पिताम्बर भुसालले बताउनुभयो। स्थानीय उत्पादनको प्रचार-प्रसार, प्रोत्साहन, प्रवर्द्धन तथा व्यापारीकरणका लागि आयोजकले निःशुल्क ३० कक्ष उपलव्ध गराएको हो । "महोत्सवमा हस्तकला, कृषि तथा पशुजन्य उत्पादनको प्रदर्शनी र प्रतिस्पर्धाका लागि राखिएको छ", उहाँले भन्नुभयो, "हस्तकला तथा कृषिजन्य उत्पादनको प्रदर्शनीले मेलामा आउने दर्शकको ध्यान तानेको छ।"

गाउँपालिकाले त्यसै खेर गइरहेका केराका थामबाट चकटी, गलैँचा, मोडा, चप्पल, सोली, ढकिया, काँचो कपडा, खादालगायत हस्तकलाका सामग्री प्रदर्शनमा राखेको छ । गाउँपालिकाको तर्फबाट कक्षमा रहनुभएकी कृषि प्राविधिक कस्तुरी थापाले महोत्सवमा आउने दर्शकले निकै चासोका साथ सामग्रीको अवलोकन गर्नुका साथै खरिद गरेर लैजाने गरेको बताउनुभयो। गण्डकी प्रदेश र गाउँपालिकाको साझेदारीमा नवप्रवर्द्धन कोषमार्फत गाउँपालिकाभित्रका ३० जनालाई गत वर्ष तालिम दिइएको गाउँपालिकाका कृषि शाखा अधिकृत अनुप पौडेलले बताउनुभयो। गत वर्ष 'केराको बहुउपयोगितासम्बन्धी परियोजना' मार्फत केराका थामबाट हस्तकलाका सामग्री बनाउन ३० जनालाई ४५ दिने तालिम दिइएको हो।


"तालिममा सहभागी भएकाहरूले उत्पादन गरेका हस्तकलाका सामग्रीलाई प्रचार-प्रसारका लागि महोत्सवस्थलमा राखेका हौँ", उहाँले भन्नुभयो, "तालिमपश्चात सिकेको सीपलाई व्यावसायिकरूपमा उत्पादन गर्नुभएका व्यक्ति तथा गाउँपालिका आफैँले उत्पादन गरेका सामग्री 'स्टल'मा राखेका छौँ।" केराका थामबाट हस्तकलाका सामग्री बनाउने स्थानीय आठ जनालाई गाउँपालिकाले रोजगारी दिएको छ । अहिले न्यूनतम मासिक पारिश्रमिक दिएर रोजगारी दिएको र आगामी वर्षमा उत्पादनका आधारमा पारिश्रमिक दिने तयारी गरिरहेको उहाँले बताउनुभयो । "हाम्रा बारी कान्लामा त्यसै खेर गइरहेका केराको थामको प्रयोग गरी विभिन्न हस्तकलाका सामग्री बनाउन सकिँदोरहेछ भन्ने देखाउनका लागि पनि यसले महत्त्वपूर्ण भूमिका खेलेको छ", पौडेलले भन्नुभयो, "यहाँ उत्पादन भएका हस्तकलाका सामग्रीको बजारीकरणका लागि गाउँपालिकाले सहयोग गर्ने छ।"

गाउँपालिकाले यो अभियानलाई आवश्यक पर्ने कच्चा पदार्थका रूपमा रहेको केराका बोट वितरण गरेको छ। गाउँपालिकाभित्र करिब एक लाख बोट केरा रहेका र आगामी दिनमा थप गर्दै जाने उहाँले बताउनुभयो।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

ईश्वरीय चिन्तनले मनलाई शान्त पार्दछ ।

- प्रेमचन्द

**सम्पादकीय**

# गण्डकी प्रदेश सरकारलाई एमालेको ध्यानाकर्षण

गण्डकी प्रदेश सरकारले जनतालाई सेवा सुविधा दिन छाडेर मुख्यमन्त्री र मन्त्रीहरू उद्घाटनमा रमाएको भन्दै प्रतिपक्षी नेकपा एमालेले मुख्यमन्त्रीको ध्यानाकर्षण गराएको छ । विपक्षी दलका नेता खगराज अधिकारीले मुखयमन्त्री सुरेन्द्र पाण्डेलाई २४ बुँदे ध्यानाकर्षण पत्र बुझाएका छन् । 'सबै ठाउँमा मुख्यमन्त्री वा मन्त्रीहरु नै पुग्नुभन्दा नै कार्यक्रमको प्रकृति र आवश्यता अनुसार संबंधित ठाउँका जनप्रतिनिधिलाई परिचालन गर्न एमालेले सुझाव दिएको छ । एमालेले विधेयक अधिवेशन सुरु गर्नुपर्ने समय बितिसक्दा समेत सरकारले प्रदेश सभा सचिवालयमा कुनै पनि विधेयक दर्ता नगराएकोमा कटाक्ष गरेको छ ।' प्रदेश सभाको बैठकमा शून्य र विशेष समयमा उठेका विषयहरुको सदनमा जवाफ दिन तथा सरकारी आश्वासन कार्यान्वयन गर्न सरकारले तदारुकता नदेखाएको तथा ती विषयप्रति संवेदनशील नभएको एमालेको आरोप छ ।

प्रदेश सभाले बनाएका कानून कार्यान्वयनमा सरकारको तदारुकता देखिएको भन्दै उसले उत्तर विधायिकी परीक्षण गरी कानुन कार्यान्वयनको अवस्थाको मापन गर्ने गर्न सुझाएको छ । प्रदेश सभाबाट निर्माण भएका कानुन स्थानीय तहले कार्यान्वयन गरिरहेका छैनन् । प्रदेश सभा सचिवालय तथा विषयगत समितिहरुलाई व्यवस्थित, प्रविधिमैत्री, प्रभावकारी, कामकाजी र गुणस्तरीय बनाउनका लागि पर्याप्त जनशक्ति र स्रोत साधनको व्यवस्था गर्न एमालेको माग छ । प्रशासनिक खर्चमा मितव्ययीता र प्रभावकारिता ल्याउनुपर्ने भन्दै ज्ञापनपत्रमा गण्डकी प्रदेश खर्च मितव्ययिता निर्देशिका तत्काल तर्जुमा गरी लागू गर्नुपर्ने तथा अनुत्पादक खर्च शीर्षकहरुमा मापदण्ड तोकी कडाइका साथ नियन्त्रण गर्न सुझाइएको छ । योजना अनुगमन निर्देशिका तत्काल जारी गर्नुपर्ने, बजेट तर्जुमा क्यालेन्डरलाई संघ सरकारको तालिका अनुसार समायोजन गरी आगामी आवको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफल हिँउदे अधिवेशनमै गर्ने व्यवस्था मिलाउन एमालेको माग छ । पहिलो साढे ३ वर्ष सरकार चलाएको एमालेले गठबन्धनको सरकारलाई प्रदेशको आवधिक, मध्यमकालीन खर्च संरचना र परियोजना बैंकका आधारमा मात्र योजना छनौट, बजेट विनियोजन र कार्यान्वयन गर्न सुझाव दिइएको छ ।

बजेटलाई आवश्यकता र जनमुखी बनाउन आर्थिक, सामाजिक, औद्योगिक, पूर्वाधार, कृषि, उद्योग, पर्यटन लगायतका क्षेत्रगत रुपमा प्राथमिकीकरण गरी जिल्लागत र विकासगत सन्तुलन मिलाई आयोजनाहरुको लागि बजेट सीमा तथा स्रोतको व्यवस्थापन गर्न एमालेको सुझाव छ। प्रदेश सरकारको जनस्तरबाट विरोध भएको बेला एमालेले सरकारलाई काममा केन्द्रित गर्न सहअस्तित्व र समन्वयको सिद्धान्त अपनाई सबै पक्षको सहभागिता र स्वामित्व कायम हुनेगरी दोश्रो पञ्चवर्षीय योजना निर्माण गर्न सुझाव दिएको छ । सरकारले बनाउन लागेको योजना बैंकलाई सबै पक्षको सहभागिता र स्वामित्व कायम हुनेगरी निर्माण गर्न र योजना बैंकमा योजना समावेश गर्ने विषयलाई सकेसम्म सरलीकृत गर्न एमालेले सुझाएको छ ।

प्रदेश गौरव तथा रुपान्तरणकारी आयोजनाको कार्यान्वयनको अवस्था कमजोर रहेको भन्दै एमालले सरकारले यस्ता आयोजनालाई आवश्यक बजेट विनियोजन गर्न नसक्दा वजेट अभावका कारण अलपत्र अवस्थामा रहेको एमालेको ठहर छ । पुँजीगत खर्च क्षमता वृद्धि गर्ने तथा आर्थिक वर्षको अन्तिममा मात्र पुँजीगत खर्च बढी हुने प्रवृत्तिमा सुधार ल्याउन ठोस कदम चाल्नुपर्ने सुझाव एमालले पुँजीगत खर्च न्यून हुनु तर अनुगमन, मूल्यांकन, अतिरिक्त भत्ता, स्वागत सत्कार, सवारी मर्मत तथा इन्धन लगायतका खर्च भने पर्याप्त भएको तथ्यांक देखिनुले सरकार ठोस काममा भन्दा पनि घुमघाममै व्यस्त रहेको पुष्टि गरेको एमालेको ठहर छ ।

सेवा प्रवाहलाई छिटो-छरितो बनाउनुका साथै सेवा प्रवाहमा नवीन प्रविधिको प्रयोग गर्न सरकार असक्षम साबित भएको एमालेको आरोप छ । प्रदेश समन्वय परिषद्को बैठक समय समयमा बस्ने र गरेका निर्णयहरु कार्यान्वयन तर्फ लगि प्रदेश र स्थानीय तहबीचको सम्बन्धमा सुधार गर्नुपर्नेमा बैठक नियमित वस्न नसकेको तथा बैठकवाट गरेका निर्णय समेत कार्यान्वयनमा लैजान तदारुकता नदेखाएकाले स्थानीय तहको प्रदेशप्रतिको विश्वास गुम्दै गएको एमालेको ठहर छ । विपक्षी भनेको बैकल्पिक सरकार भएको हुँदा सरकारले २४ बुँदे पत्रलाई प्रदेश सरकारलाई कामकाजी बनाउने शुत्रको रुपमा लिनु उचित हुनेछ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाब |
| वृष | : शुभ यात्रा | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वस्थ्यमा सुधार | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# जरोटुप्पोमा बालकृष्ण समको स्मरण




**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

जरोटुप्पो संरक्षण साहित्य समाज नेपालले नाट्यसम्राट बालकृष्ण समको १२२ औं सम जयन्ती विविध कार्यक्रमका साथ मनाइएको छ ।

कार्यक्रममा विद्वत् प्रवचन दिँदै विद्वान् डा. नारायणप्रसाद अधिकारीले बालकृष्ण समले साहित्यका सबै क्षेत्रमा अतुलनीय योगदान दिएर पनि राणा परिवारमा जन्मेकै कारण राज्यबाट उपेक्षित हुनु दुःखको कुरा रहेको बताए । उनले थपे- भक्ति, दर्शन, ज्ञान र विज्ञान मात्र नभएर साहित्यका सबै क्षेत्रका परम्पराको क्रमभंग गरेर कोशेढुंगा जस्ता नयाँ मानक सिर्जना गर्न सक्ने अभूतपूर्व प्रतिभाप्रति राखिएको पूर्वाग्रहले नेपाली वाङ्मयको श्रीवृद्धि हुँदैन । आफूलाई समाजवादी भन्नेहरूले समको समाजवाद बुझ्न नसकेकोमा चिन्ता व्यक्त गर्दै अधिकारीले भने- आर्मीको उच्च तहमा पुगेर, सम्पन्न परिवारमा जन्मेर पनि मलाई उच्च सम्बोधन नगर भनेर साधारण जीवन बिताउने समको समाजवादबाट आफूलाई समाजवाद र लोकतन्त्रका पहरेदार ठान्नेहरूले पाठ सिक्नुपर्छ ।

संस्थाका मानार्थ संरक्षक समाजसेवी विश्वमोहन गौचनले नाट्यसम्राट बालकृष्ण समलाई आफ्ना सिर्जनाको परिमाण र गुण दुवै दृष्टिकोणले नेपाली नाट्यसाहित्यमा विशिष्ट मानक र मूल्य स्थापित गरेका प्रतिभाका रूपमा चित्रण गरे । गण्डकी प्रज्ञा प्रतिष्ठानका परिषद् सदस्य कृष्णप्रसाद पौडेलले १९७० मा खुलेको गोरखा भाषा प्रकाशिनी समितिलाई नेपाली भाषा प्रकाशिनी समितिमा परिणत गर्नेदेखि लिएर साहित्यका हरेक विधामा योगदान दिएका समको कदरमा कञ्जुस्याई गर्नु स्रष्टा साधक सबैका लागि घातक हुने बताए । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नेपालका सदस्य दुर्गाबहादुर शाह बाबाले समलाई नेपाली नाट्यजगत्का मूल्यवान् निधि र बहुमूल्य सम्पदाका रूपमा चिनाए । स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष असफल गौतमले राज्यको ढुकुटी रित्याएर वाङ्मयको सेवाका लागि स्थापना भएका संघसंस्था पार्टीका भातृसंगठनका सम्पर्क कार्यालय जस्ता हुनु विडम्बनापूर्ण छ भने । उनले २००७ सालको परिवर्तनसँगै आफ्नो नाममा परिवर्तन, स्वस्ति र ढोग्ने चलनका सट्टा सबैलाई नमस्कार गर्दै तपाई शब्दको प्रयोग गर्ने र भादगाउँले टोपीलाई राष्ट्रिय टोपी मान्ने बालकृष्ण समको सादगीपनलाई चिन्न नसकेर आफूलाई लोकतन्त्रका जन्मदाता बन्नेहरूले लोकलाई नै हसाइरहेको धारणा व्यक्त गरे ।

सिर्जना साहित्य सदन घाचोकका संस्थापक टेकनाथ पीडितले नेपाली वाङ्मयका त्रिमूर्ति कवि शिरोमणि लेखनाथ पौड्याल, नाट्यसम्राट बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटामध्ये पौड्याल र देवकोटाको योगदानको स्मरण राज्यबाट हुँदै गर्दा समको स्मरण समान रूपमा हुन नसक्नु बिडम्बनापूर्ण रहेको बताए ।

जरोटुप्पो संरक्षण साहित्य समाजका परिकल्पनाकार मदन भण्डारीले समको योगदानलाई धेरै संघसंस्थाले नजरअन्दाज गर्दै आएकाले जरोटुप्पोले संस्था स्थापनाकालदेखि स्मरण गर्दै आएको बताउँदै समलाई सिङ्गो नेपाली साहित्य क्षेत्रको सर्वाङ्गीण विकासमा अद्वितीय योगदान दिएका स्रष्टाका रूपमा चिनाए ।

कार्यक्रममा शिक्षासेवी बलराम पराजुली, गजलकार विष्णु बास्तोला, साहित्यकार देवेन्द्र केसी, गुरुङ फिल्मका महानायक ताराबहादुर गुरुङ र अनु बरालगायतले आफ्ना रचना र धारणा राखेका थिए ।

# पोखरा लर्नर्स एकेडमीमा स्पोर्ट मिट सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

पोखरा ७ माछापुच्छे टोलस्थित पोखरा लर्नस एकेडेमीको १७ औं स्पोर्ट मिट सुरु भएको छ ।




विद्यालय सञ्चालक समितिका अध्यक्ष ईश्वर बन्धु गौतमको अध्यक्षतामा सुरु भएको वार्षिक कार्यक्रमको उद्घाटन गर्दै सशस्त्र प्रहरी बल २४ नं कालिका गण मालेपाटनका गणपति धनबहादुर बानियाले खेलले जीवनलाई सत्मार्गमा डोऱ्याउने बताए । अनुशासनको पहिलो पाठ खेलकुदबाट सुरु हुने बताएका बानियाले अभिभावक प्रति गहिरो आलोचना गरे । उनले मोबाईल र टिभी देखाएर बच्चा भुलाउने वाहनामा घरैबाट अनुशासनको पाटो हराएकामा चिन्ता व्यक्त गरे ।

पोखरा लर्नस एकेडेमीका विद्यार्थीले देखाएको मार्च पास प्रति खुसी हुँदै विद्यार्थीको गहनालाई जोगाउन विद्यालय परिवारसँग आग्रह गरे । २०१७ सालदेखि नेपाली सेनाले सुरु गरेको मार्च पास विद्यालयले गराउँदा राष्ट्रिय भावनामा सकारात्मक सन्देश जाने बताएका गणपति बानियाले सशस्त्र प्रहरीले डिज्यास्टर क्षेत्रमा गर्दै आएको काम सिकाउन आफू तयार रहेको बताए। खेलकुद प्रतियोगिताले शारीरिक र मानसिक अवस्थालाई सन्तुलित राख्ने बताएका बानियाले टिमस्पिड, युनिट एकता, आपसी भाइचारा र अनुशासनलाई केन्द्रमा राख्ने भएकाले लगनशील भएर नियमित अभ्यास गर्न विद्यार्थीलाई आग्रह गरेका थिए । विद्यार्थी प्रकृति सुवेदीले सञ्चालन गरेको सभामा प्याब्सान गण्डकी प्रदेशका अध्यक्ष दिनेशकुमार श्रेष्ठ, प्याब्सान कास्कीका अध्यक्ष मथुरा पौडेल, प्याब्सान कास्कीका सचिव एवं विद्यालयका संस्थापक प्राचार्य पुष्प पराजुली, पोखरा लर्नस एकेडेमीका प्रिन्सिपल विधान गौतम, शिक्षक आदर्श घिमिरे र कमला गुरुङ लगायतले बोलेको विद्यालयका भाइस प्रिन्सिपल उष्णा गौतमले जानकारी दिइन् । स्पोर्ट मिट सुरु सभामा विद्यार्थीले मार्च पास, नृत्य तथा हास्यप्रहशन लगायतका कार्यक्रम प्रस्तुत गरेका थिए । विद्यालय सरसफाई, अभिभावकको स्वागत, समुहगत विद्यार्थीको प्रस्तुतिमा सहयोग लगायतमा विद्यार्थीको उल्लेख्य सहभागिता रहेको थियो ।

# ज्येष्ठ नागरिक, अपाङ्गता भएका र विपन्न बालबालिकालाई सम्मान

**पोखरापत्र संवाददाता**
तनहुँ, २४ माघ

गाउँ सेवा कोष तनहुँले उदाहरणीय सामाजिक सेवा गर्दै आएको छ । कोषले सामाजिक क्षेत्रमा गरेको योगदानले जिल्लाका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अतिविपन्न वर्गलाई सहयोग पुगेको छ ।

भीम स्मृति दिवसका अवसरमा गाउँसेवा कोष तनहुँले भानु नगरपालिका-१२ कवाचितस्थित प्रधान कार्यालयमा एक कार्यक्रमका बीच ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अतिविपन्न बालबालिका र उत्कृष्ट विद्यार्थीलाई सम्मान गरेको छ । चार ज्येष्ठ नागरिकलाई रु छ हजारसहित सम्मान गरिएको कोषका उपाध्यक्ष परशुराम गिरीले जानकारी दिनुभयो ।

सत्र टोलका ३९ असहाय तथा अपाङ्गता भएका व्यक्तिलाई रु ४१ हजार आठ सय, एक सुत्केरीलाई रु आठ सय, ३३ उत्कृष्ट नतिजा ल्याउने जेहेन्दार विद्यार्थीलाई नगदसहित सम्मान गरिएको उहाँले बताउनुभयो । अरनिको मावि, विद्यानिकुञ्ज मावि र सरस्वती मन्दिर माविका ३३ विद्यार्थीलाई रु ३३ हजार आठ सयसहित सम्मान गरिएको गिरीले बताउनुभयो । उहाँका अनुसार तीन आधारभूत विद्यालयका २२ विद्यार्थीलाई रु १३ हजार तीन सय ८५ सहयोग गरिएको छ । उहाँले भनुभयो, "गञ्जविष्णु स्मृति पुरस्कार छ, कोही पनि सहारा नभएका असहाय व्यक्तिलाई उपलब्ध प्रदान गरिन्छ, प्रत्येक टोलबाट सङ्कलन गरी आएको सिफारिसमा एक जनालाई रु २५ हजारसहित पुरस्कृत गरिएको छ ।" कुल रु एक लाख २४ हजार नौ सय ५० रकम विद्यार्थी, ज्येष्ठ नागरिक, असहाय तथा अपाङ्गता भएका व्यक्ति तथा सुत्केरीलाई सम्मान गरिएको कोषले जनाएको छ । कोषले तनहुँका विभिन्न क्षेत्रका सामाजिक सेवामा उदाहरणीय कार्य गर्दै आएको छ । कोष विद्यार्थी, ज्येष्ठ नागरिक, असहाय तथा अपाङ्गता भएका व्यक्तिको सहयोगमा लागिपरेको छ ।

# मुग्लिन-पोखरा सडक विस्तारका लागि बजारका घर भत्काउन आग्रह

**पोखरापत्र संवाददाता**
दमौली, २४ माघ



तनहुँको व्यास नगरपालिकाले मुग्लिन-पोखरा सडक विस्तारका लागि सहयोग गर्न स्थानीयवासीलाई आग्रह गरेको छ । दमौली बजार क्षेत्रका घर नभत्काउँदा काममा ढिलाइ भएकाले नगरपालिकाले घर भत्काएर सहयोगका लागि आग्रह गरेको हो ।

नगर कार्यपालिकाको बैठकले बजार क्षेत्रका संरचना भत्काएर राष्ट्रिय प्राथमिकता प्राप्त बाटो विस्तारका लागि सहयोग गर्न आग्रह गरेको प्रवक्ता जीवन गुरुङले बताउनुभयो । मुख्यबजार क्षेत्रका संरचना नहटाइँदिँदा काममा ढिला भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "डुम्रे, छिर्कनेलगायत ठाउँमा संरचना भत्काएर काम अगाडि बढिसकेको छ, तर दमौलीमा संरचना हटाउन ढिलाइ भएकाले नगरवासीलाई पुनः एकपटक संरचना हटाएर बाटो विस्तारका लागि सहयोग गर्न आग्रह गरेका हौं ।" मुग्लिन-पोखरा सडकअन्तर्गत तनहुँको बन्दीपुर, आँबुखैरेनी, छिर्कनेलगायत ठाउँमा संरचना हटाएर काम अगाडि बढिरहेको छ। बन्दीपुर र आँबुखैरेनी खण्डमा २० किलोमिटर खण्ड कालोपत्र भइसकेको छ तर व्यास नगरपालिका खण्डमा भने कामले गति लिन सकिरहेको छैन । दमौली बजारका ७० घरमध्ये ४५ परिवारले पहिलो किस्ताबापतको रकम बुझेका छन् । घर भत्काइसकेपछि दोस्रो किस्ताबापतको रकम भुक्तानी गरिने उक्त सडक योजना पूर्वी खण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । उहाँका अनुसार दमौली बजार क्षेत्रको घर भत्काउँदा करिब रु छ करोड क्षतिपूर्ति प्रदान गरिनेछ । पूर्वीखण्डअन्तर्गत आँबुखैरेनीबाट जामुनेसम्मको प्रगति ४४ प्रतिशत रहेको छ । यसअघि खाल्डाखुल्डी र धुलाम्मे सडक हुँदा यात्रामा असहज हुने गरेकामा हाल कालोपत्रको काम अगाडि बढेपछि यात्रामा सहज हुने भएको छ। पूर्वी खण्डअन्तर्गत दमौलीको मादी नदीमा आर्क डिजाइनको पुल निर्माणको कामसमेत सुरु भएको छ । व्यास नगरपालिका-४ र ५ जोड्ने मादी नदीमाथि सो पुल बनाउन लागिएको हो ।

पूर्वी खण्डको कामका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । एकचालीस दशमलव ४५ किमी यो खण्डमा तीन ठूला र चार साना पुल निर्माण गरिनेछ । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ वैशाखसम्म रहेको छ ।

# नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. ५ स्ट्रीट नं. १६ मा भल नियन्त्रण कार्य गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पादर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : राता माटा क्षेत्रमा भल नियन्त्रण

**उपभोक्ता समितिको नाम** : राता माटा क्षेत्रमा भल नियन्त्रण उपभोक्ता समिति, पोखरा-५, कास्की

**योजना सञ्चालन हुने स्थान** : पोखरा महानगरपालिका वडा नं. ५ स्ट्रीट नं. १६

**योजना सम्झौता मिति** : २०८०/०९/१९ गते

**काम सुरु मिति** : २०८०/१०/०१ गते

**योजना सम्पन्न भएको मिति** : २०८०/१०/२२ गते

**महानगरपालिकाबाट** : रु. ५,००,०००/-

**जनसहभागिता** : रु ९१,०००/-

**जम्मा लागत** : रु ५,९१,०००/-

**सुर्य बहादुर कुँवर**
अध्यक्ष

**राता माटा क्षेत्रमा भल नियन्त्रण उपभोक्ता समिति**
पोखरा-५, कास्की

# निसीखोलामा चार वर्षमा १८ झोलुङ्गे पुल निर्माण : फेरियो स्थानीयको दैनिकी

**डम्मर बुढा मगर**
बागलुङ, २४ माघ

निसीखोला गाउँपालिका-९ की ममता घर्ती मगरको घर नजिकै खोला छ । खोला पारि गोठ र बारी छन् । दैनिक खोला पार गरेर पशुचौपायालाई घाँस पानी खुवाउन गोठमा पुग्नुपर्छ । तीन वर्षअगाडि खोलामा पुल थिएन । काठको साँघुको भरमा गोठ-घर गर्नुहुन्थ्यो । बर्खामा निसीखोला उर्लेर आउँदा समस्या हुन्थ्यो । तर अहिले निसीखोलामाथि झोलुङ्गे पुल निर्माण भएपछि वारपारमा सहज भएको छ ।

पुल निर्माण भएपछि वारपारका लागि मात्रै नभएर स्थानीयवासीको दैनिकी नै सहज बनेको छ । अधिकांश समय बारी र गोठामा बिताउने उहाँ दिनमा १०/१२ पटक खोला वारपार गर्नुहुन्छ । पुल नबन्दा खोलामा खसेर छिमेकीले ज्यान गुमाएको पीडा उहाँमा अझै छ । तर झोलुङ्गे पुल निर्माण भएपछि यहाँका स्थानीयले खोलामा परेर ज्यान गुमाउनु परेको छैन । खोला तर्दा बगाउँछ कि भन्ने पीरले पनि सताउन छोडेको छ । पुल बनेपछि मान्छेसँग पशुचौपायालाई समेत वारपार गर्न सहज भएको उहाँ बताउनुहुन्छ । पहिले बर्खाको समयमा धेरै पशुचौपाया खोलाले बगाई दिएको घर्ती मगरले बताउनुभयो । उहाँले विगतको सम्झना गर्दै भन्नुभयो, “हिउँदको बेलामा खोला सानो हुन्थ्यो र वारपार गर्न सकिन्थ्यो, बर्खामा बाढी आउँदा खोला तर्न सकिँदैनथ्यो, काठको साँघु हालेर खोला तर्ने गर्थ्यौं, साँघु तर्दा पनि धेरै खोलामा खसेर मरे ।” विसं २०७६ पछि निसीखोलामा झन्डै दुई दर्जन झोलुङ्गे पसल निर्माण भएका छन् । जसले यहाँका हजारौं स्थानीयको दैनिकी सहज बनाइदिएको छ । गाउँपालिकाको ठाउँठाउँमा झोलुङ्गे पुल निर्माण भएपछि स्थानीय हर्षित भएका छन् । गाउँपालिकाले जीर्ण बनेका पुल विस्थापित गर्ने र आवश्यक स्थानमा धमाधम नयाँ झोलुङ्गे पुल निर्माण गरिरहेको छ । निसीखोला गाउँपालिका-४ बडाचौरदेखि झिवाखोला बजार पुग्न जोगिथुम्कादेखि पाँच मिनेट लाग्ने गर्थ्यो तर पुल नहुँदा स्थानीयले झन्डै आधा घण्टा लगाएर अर्को पुल प्रयोग गर्न बाध्य थिए । अहिले जोगिथुम्पाका-बोहोरागाउँ स्वास्थ्य चौकी जोड्ने झोलुङ्गे पुल बनेपछि एकै छिनमा बजार पुगिन्छ । पुल नबन्दा गाउँबाट बजार झर्दा नागरिकले जोखिम मोलेर खोला नै तर्ने गरेको भन्दै अहिले पुल तर्न पाउँदा दङ्ग परेको स्थानीय तीर्थबहादुर क्षेत्रीले बताउनुभयो । पुल नबन्दा खोला वारपार गर्दा धेरै बालबालिका, महिला र ज्येष्ठ नागरिकले धेरै सास्ती खेप्दै आएका स्मरण गर्दै अहिले हिउँद बर्खा बाह्रै महिना वारपारमा सहज भएको उहाँ बताउनुहुन्छ ।

क्षेत्रीले भन्नुभयो, “लामो समयदेखि खोला तरेर बजार पुग्नु परेको थियो, समय-समयमा खोला तर्दा केही ज्यान पनि गुमाएँ तर यहाँ पुल बनेपछि यस क्षेत्रका खोलाले बगाएर कसैको मृत्यु भएको छैन, युवा जसोतसो खोला पार गरे पनि साना बालबालिका र बूढाबूढीलाई समस्या हुने गरेको थियो, धेरै समय लाग्थ्यो, तर अहिले समय छोटो समयमै बजार पुगिन्छ, कसैले पनि खोला तर्नु परेको छैन, पहिले धेरै ठाउँमा काठको फड्के हालेर मान्छे खोला वारपार गर्थे, अहिले धेरै ठाउँमा पुल बनेका छन् ।” चार वर्षको अवधिमा निसीखोलामा मात्रै १८ वटा झोलुङ्गे पुल बनेका छन् । आर्थिक वर्ष २०७५/७६ देखि हालसम्म वडा नं १ मा लेवाङ्खोलाघाट, आङटारीघाट, माडाखोलाघाट, खनिबासघाट र आठबोरघाटमा झोलुङ्गे पुल निर्माण भएका छन् । वडा नं २ मा खोर्घाघाट, धौलाघाट र खग्रेनीघाटमा पुल निर्माण भएको निसीखोला गाउँपालिकाका सूचना अधिकारी पुरुषोत्तम गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार वडा नं ५ मा चुसिबाङघाट, सरिटाघाट, सेराबाङघाट र मगराखोलाघाटमा झोलुङ्गे पुल निर्माण भएका छन् । वडा नं ३ मा गहतेराखोलाघाट र ढुवाखोरघाट, वडा नं ४ मा कारीखोलाघाट, वडा नं ७ कुतखोलाघाट, सेलाखेतघाट र वडा नं ५ मा यारीखोलामा झोलुङ्गे पुल निर्माण गरेको गौतमको भनाइ छ । सङ्घीय सरकारको ८७ र गाउँपालिकाको १३ प्रतिशत लगानीमा १८ पुल निर्माण भएको उहाँले बताउनुभयो । पुल निर्माणका लागि करिब आठ करोड १० लाख खर्च भएको उहाँको भनाइ छ । आर्थिक वर्ष २०७९/८० देखि हालसम्म निर्माण भएका सातवटा झोलुङ्गे पुलको रु एक करोड ७६ लाख भुक्तानी दिन बाँकी रहेको गौतमले बताउनुभयो । सङ्घीय सरकारबाट आउने बजेट समयमै नआउँदा भुक्तानी गर्न नसकिएको उहाँको भनाइ छ । निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगर विगतमा यस गाउँपालिका पछाडि पर्दा झोलुङ्गे पुल बन्न नसकेको भन्दै स्थानीय तह आएपछि छोटो समयमै धेरै पुल निर्माण गर्न सफल भएको बताउनुभयो । नागरिकको आवश्यकता र मागका आधारमा धेरै ठाउँमा पुल निर्माण गरेको भन्दै अब कुनै पनि नागरिकले पुल नभएका कारण खोलामा बगेर ज्यान गुमाउनु नपर्ने बताउनुभयो । निसीखोलामा स-साना दर्जनौं खोला रहेको भन्दै सबै ठाउँमा पुल निर्माण गर्दै आएको उहाँको भनाइ छ । पुल निर्माण भएपछि घण्टौंको यात्रा पाँच/दश मिनेटमै छोटिएको अध्यक्ष घर्ती मगरले बताउनुभयो ।

“पाँच वर्ष अगाडिसम्म निसीखोला क्षेत्रमा थोरै मात्र झोलुङ्गे पुल थिए, थोरै पुलमा धेरै जनताले यात्रा गर्नुपर्ने बाध्यता थियो, ठाउँठाउँमा काठका साँघु हालेर खोला वारपार गर्ने गर्थे, त्यसी यात्रा गर्दै धेरैले ज्यानसमेत गुमाएँ,” उहाँले भन्नुभयो, “जब स्थानीय सरकार आयो त्यस यता धेरै पुल बने, अझै बन्ने क्रममा छन्, पुलले नागरिकलाई सहज बनाउने त भयो नै ज्यान पनि बचाउँछ, समय पनि बचाउँछ, आवश्यक पर्ने ठाउँमा पनि क्रमैसँग पुल बन्नेछन् ।”

# जानकी माविको ४६ औं वार्षिकोत्सव तथा अभिभावक दिवस सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ



ऐतिहासिक, धार्मिक एवम् पर्यटकीय क्षेत्र महतगौडास्थित जानकी माध्यामिक विद्यालयको ४६ औं बार्षिकोत्सव तथा अभिभावक दिवस विविध कार्यक्रमका साथ सम्पन्न भएको छ ।

कार्यक्रममा आफु पढ्न नपाएपनि सन्तति शिक्षाको उज्यालो घामबाट बञ्चित नहुन भनेर खरले छायाको भवन निर्माण गर्ने चन्द्रकान्त भण्डारी, चुडामणी भण्डारी र कर्णाखर भण्डारीलाई सम्मान गर्नुको साथै छात्रवृत्ति एव्म शैक्षिक पुरस्कार वितरण गरिएको थियो । पोखरा महानगरपालिका वडा नं. १७ का वडाअध्यक्ष राधिका शाही योगीले कार्यक्रमको आज एक समारोहका बिच उद्घाटन गर्दै गुणस्तरीय शिक्षाका लागि अभिभावक, शिक्षक र विद्यार्थीको त्रिकोणात्मक प्रयासको खाँचो औल्याउनु भयो । मुलुकको भाग्य र भविष्यसंग जोडिएको शिक्षा क्षेत्रको विकासका लागि सवै सचेत हुँदै आ-आफ्नो जिम्मेवारी पुरा गर्नुपर्ने बताउँदै उहाँले प्रविधियुक्त शिक्षामा जोड दिनुपर्ने आवश्यकता औल्याउनुभयो । गुणस्तरीय शिक्षामा जोड दिएको कारण पछिल्लो समय सामुदायिक विद्यालयमा क्रमिकरुपमा विद्यार्थीको आकर्षण बढ्दै गएको उल्लेख गर्दै उहाँले महानगरले शैक्षिक विकासमा सक्दो सहयोग गर्दै आएको बताउनुभयो । जनप्रिय वहुमुखी क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष एवम् अक्षयकोष दाता विरेन्द्रनारायण विजुकुच्छेले मुलुकमा दोहोरो शिक्षा प्रणालीको अन्त्य हुनु पर्ने आवश्यकता औल्याउनुभयो । पोखरा १७ वडासदस्य शिवराम भण्डारीले आफुले प्राप्त गर्ने सेवा सुविधाबाट पाँच लाख विद्यालयलाई सहयोग गर्ने घोषणा गर्नुभयो । सो अवसरमा सामुहिक अक्षयकोषमा जम्मा हुने र बार्षिकोत्सव सम्पन्न गर्न अभिभावकबाट करिब ८० हजार संकलन भएको थियो । विद्यालयको भौतिक एवम् शैक्षिक विकासमा योगदान गर्ने शिक्षाप्रेमी, उत्कृष्ट शिक्षक, अभिभावकलाई सम्मान गरिएको कार्यक्रममा छात्रबृत्ति एवम् कक्षागत प्रथम, द्धितीय र तृतीय हुने विद्यार्थी पुरस्कार वितरण गरिएको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा महानगर शिक्षा शाखाका अधिकृत सोमनाथ भण्डारी,वडासदस्य शिवराम भण्डारी र तारा सेवा, नेपाली कांग्रेस पोखरा १७ का सभापति डिआर भट्टराई, एमाले उपाध्यक्ष लालबहादुर राना, रास्वपा सभापति नुरबहादुर विक, वालक्लवका अध्यक्ष प्रतिक्षा मल्ल लगायतले शिक्षाको महत्व माथि प्रकाश पार्नुभएको थियो । शिक्षक अभिभावक संघका अध्यक्ष विक्रम भण्डारीले स्वागत र शिक्षक तुलसी गिरीले सञ्चालन गर्नुभएको कार्यक्रममा प्रधानाध्यापक अर्जुनप्रसाद कंडेलले विद्यालयको सांगठानिक प्रतिवेदन पेश गर्नु भएको थियो । सो अवसरमा विद्यार्थीद्धारा विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थियो ।

# पानी अभावले उपचार सेवा नै प्रभावित

**पोखरापत्र संवाददाता**
पर्वत, २४ माघ

पर्वतको एकमात्र सरकारी सुविधा सम्पन्न पर्वत अस्पतालमा दैनिक उपभोग गर्ने पानीको अभावले उपचार सेवा प्रभावित बनेको छ ।

नियमित स्रोतवाट आउने पानीले अस्पतालका बिरामीको उपचार, उपकरणलगायत अस्पतालको सरसफाइ र बिरामीका लागि समेत अपुग भएपछि समस्या परेको हो । अस्पतालमा दैनिक ३० देखि ४५ हजार लिटरसम्म पानीको आवश्यकता पर्ने भएपनि दैनिक १५ देखि १८ हजार लिटरमात्र उपलब्ध हुँदै आएको छ । आवश्यकताभन्दा ५० प्रतिशत कम पानीले दैनिक उपचार सेवा प्रभावित हुने गरेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष शङ्कर गिरीले जानकारी दिनुभयो । अध्यक्ष गिरीका अनुसार अस्पतालमा हेमोडायलाइसिस सेवा सुरु भएपछि खानेपानीको सङ्कट गहिरिँदै गएको हो । दैनिकजसो सातवटा शय्यामा मिर्गौलाका बिरामीको हेमोडायलायसिस हुँदै आएको छ । हेमोडायलायसिस गर्न मात्र झण्डै १० हजार लिटर पानी दैनिक खर्च गर्नुपर्ने भए पनि पानीको अभावले समस्या सिर्जना हुँदै आएको छ ।

डायलायसिससँगै अन्तरङ्ग, बहिरङ्ग, दन्त उपचार सेवा, एक्सरे, सुत्केरी सेवा, शल्यक्रिया विभाग, बालबालिका विभागमा भर्ना भएका बिरामीको सरसफाइ तथा कार्यालय सहयोगी, स्वास्थ्यकर्मी र कर्मचारीको आवासलगायतका ठाउँमा दैनिक उपभोगका लागि पानीको अभाव देखिएको छ । पानी अभाव हुँदा निजी घरबाट सापट मागेरसमेत काम चलाउनुपर्ने बाध्यता रहेको अध्यक्ष गिरीलेजानकारीदिनुभयो।सदरमुकाम कुश्माबजारमा खानेपानीको व्यवस्थापन गर्दै आएको शिवालय कुश्मा खानेपानी सरसफाइ उपभोक्ता समितिले समेत अहिले भइरहेको परिमाणभन्दा थप पानी उपलब्ध गराउन नसक्ने भएपछि स्रोतको खोजी गर्न थालिएको छ । शिवालय कुश्मा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, प्रमुख जिल्ला अधिकारी प्रेम आचार्य, अस्पताल व्यवस्थापन समितिलगायतको सहकार्यमा नयाँ स्रोतको खोजी भएको अध्यक्ष गिरीले जानकारी दिनुभयो । कुश्मा नगरपालिका वडा नं ४ स्थित कालीगण्डकी नदीको किनारमा रहेको गोपाङ्गघाटको मूलबाट लिफ्टिङ गरेर पानी ल्याउने गरी तयारी भइरहेको अस्पतालले जनाएको छ । केही दिन पहिला अस्पतालमा सञ्चालित हेमोडायलायसिस सेवाको शुभारम्भ गर्न आउनुभएका गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अस्पतालमा खानेपानीको अभाव समाधान गर्न तत्काल पहल गर्ने प्रतिबद्धता जनाउनुभएको थियो ।

लगत्तै प्रदेशको सामाजिक सुरक्षा तथा स्वास्थ्य मन्त्रालयबाट रु ५० लाख विनियोजन भएपछि वैकिल्पक स्रोतबाट पानी ल्याएर समस्याको समाधान गर्न थालिएको अध्यक्ष गिरीले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतिसेकेण्ड तीन लिटर पानी तान्नेगरी लिफ्टिङ गरिने भएको छ । उक्त योजना तत्काल सुरु गर्ने र अबको दुई महिनाभित्र पानीको समस्या समाधान गरिने अस्पतालका अध्यक्ष गिरीले बताउनुभयो । पन्ध्र शय्याको अस्पतालबाट ५० शय्यामा स्तरोन्नति भइरहेको अस्पतालमा अहिले ६३ वटा शय्यामा राखेर बिरामीको उपचार भइरहेको छ । पछिल्लो समय अस्पतालले शल्यक्रियामार्फत सुत्केरी गराउने सेवा, हर्निया, हाइड्रोसिल, एपेन्डिसाइटिसलगायत अन्य सामान्य प्रकृतिका शल्यक्रिया सेवासमेत सञ्चालन गरेको छ ।

अस्पतालमा उपचार सेवा थप भएसँगै खानेपानीको समस्या समेत टड्कारो बनेका बेला प्रदेश सरकारले बजेट विनियोजन गरेपछि वैकल्पिक स्रोतबाट पानी ल्याउन लागिएको अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा हेमन्त बाँस्तोलाले जानकारी दिनुभयो । उहाँका अनुसार केही महिनापछि पानीको समस्या समाधान हुने र जतिसुकै सङ्ख्यामा बिरामी आए पनि सेवा प्रवाहमा सहज हुने बताउनुभयो ।

# अजिरकोटका किसानलाई व्यावसायिक भैंसीपालन तालिम

**पोखरापत्र संवाददाता**
गोरखा, २४ माघ

गोरखाकोअजिरकोटगाउँपालिकाले किसानलाई व्यावसायिक भैंसीपालन सम्बन्धी निःशुल्क तालिम प्रदान गरेको छ । पालिकाभित्र दुग्ध उत्पादन वृद्धिका लागि किसानलाई व्यावसायिक बनाउँदै लैजाने उद्देश्यका साथ तीनदिने तालिम प्रदान गरिएको गाउँपालिका पशु शाखाका प्रमुख डा रोशनराजबहादुर सिंहले जानकारी दिनुभयो ।

“भैंसीपालन गर्दै आएका सबै वडाका अगुवा किसानको छनौट गरी तालिम प्रदान गरिएको हो”, उहाँले भन्नुभयो, “किसानले भैंसीपालन गरी दूध उत्पादन गरे पनि भैंसीको स्याहारसुसार राम्रोसँग गर्न नजान्दा पर्याप्त लाभ लिन नसक्ने गरेकाले तालिम सञ्चालन गरिएको हो ।” तालिममा किसानलाई नस्ल गुणस्तर पहिचान गर्ने विधि, पशुवस्तुका लागि आवश्यक पर्ने सन्तुलित आहारा बनाउने तरिकालगायत बिषयमा जानकारी गराइएको डा.सिंहको भनाई छ ।

“किसानले आफ्नो गोठमा रहेका रोगी र निरोगी पशुको पहिचान गर्न नसक्दा समेत क्षति हुने ब्यहोर्दै आउनु परेको छ, उहाँले भन्नुभयो, “तालिममा रोगी पशु र निरोगी पशुको पहिचान गर्न समेत सिकाइएको छ ।” त्यस्तै पशुवस्तुका लागि स्थानीयस्तरमा पाइने जडीबुटीका औषधीबाट गर्न सकिने प्राथमिक उपचारका साथै किसान आफैँले जुकाको औषधीहरू खुवाउने तारिका र समयको विषयमा समेत तालिममा जानकारी प्रदान गरिएको उहाँले बताउनुभयो । “रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्न नदिनका लागि ध्यान दिनुपर्छ भन्ने जानकारी तालिमले दिइएको छ”, डा सिंहले भन्नुभयो, “पशुवस्तुका लागि खोपको महत्व र पशु बीमाको आवश्यकताका बारेमा समेत किसानलाई सचेतना प्रदान गरिएको छ ।” पालिकाभित्र पुर्ख्यौलीदेखि नै भैंसीपालन गर्दै आएका अगुवा किसानलाई तालिम दिइएको उहाँले बताउनुभयो । “तालिममा सहभागी किसानलाई प्रतिकिसान १० लिटर र १२ लिटरका गरी दुईवटा दूध बोक्ने क्यान, मिनिरल पाउडर र भैंसीलाई खुवाउनका लागि भिटामिन समेत उपलब्ध गराइएको छ”, उहाँले भन्नुभयो, “किसानका लागि तालिम अत्यन्तै लाभदायक भएको छ ।” किसानलाई भैंसीलाई मिनिरल पाउडर तथा भिटामिन खुवाउँदा दूधको मात्रा बढ्छ भन्ने बुझाउनका र नियमित खुवाउने बानीको विकास गराउनका लागि पाउडर तथा भिटामिन उपलब्ध गराएको हो । तालिममा २३ जना किसानको सहभागिता रहेको थियो । तालिम लिएका किसानले धेरै जसोले अहिले पनि दैनिक रूपमा भच्चेक बजारमा दूध ल्याएर बिक्री गर्दै आएका छन् । यही माघ २१ गते आइतबारदेखि सुरु भएको तालिम मङ्गलबार सम्पन्न भएको गाउँपालिकाले जनाएको छ ।

# स्याङ्जामा पर्यटन पूर्वाधारका ४५ योजना सञ्चालनमा

**पोखरापत्र संवाददाता**
वालिङ, २४ माघ

स्याङ्जामा चालु आर्थिक वर्षमा पर्यटन पूर्वाधार निर्माणसम्बन्धी ४५ योजना सञ्चालनमा रहेका छन् । गण्डकी प्रदेश सरकारले स्याङ्जाका ४५ योजना निर्माणका लागि बजेट विनियोजन गरेसँगै पर्यटन पूर्वाधार निर्माण थालिएको हो ।

जिल्लाका ११ वटै पालिकामा न्यूनतम रु पाँच लाखदेखि अधिकतम रु २० लाखसम्म बजेट विनियोजन भएको पर्यटन तथा उद्योग कार्यालय स्याङ्जाका प्रमुख नारायणप्रसाद ढकालले जानकारी दिनुभयो । यहाँका धार्मिक, ऐतिहासिक, पर्यटकीय, सांस्कृतिक महत्वका स्थानमा बाह्य तथा आन्तरिक पर्यटकलाई आकर्षित गर्न पूर्वाधार निर्माण अगाडि बढाइएको उहाँले बताउनुभयो । “प्रदेशबाट छनोट भएका योजनाको सम्झौता गर्ने, लागत योजना तयार गर्नेलगायत कामभइरहेको छ”, प्रमुख ढकालले भन्नुभयो, “केही योजना सम्पन्न भइसकेका छन् भने अधिकांश योजना अहिले धमाधम निर्माण काम भइरहेका छन् ।” पर्यटकीय सम्भावना बोकेका स्थलमा पर्यटकको आवागमनलाई सहज बनाउने उद्देश्यसहित पदमार्ग र भौतिक संरचना निर्माण भइरहेको उहाँले जानकारी दिनुभयो ।

स्याङ्जामा चालु आवमा योजना कार्यान्वयनका लागि रु दुई करोड ७५ लाख बजेट विनियोजन भएको थियो । रु २० लाख र रु १५ लाखको एक/एक, रु १० लाख लागतका पाँच र रु पाँच लाख लागतका ३८ वटा योजना कार्यान्वयनमा रहेका छन् । सबैभन्दा धेरै योजना १० वटा योजना पुतलीबजार नगरपालिकामा कार्यान्वयनमा रहेका कार्यालयका योजना शाखा प्रमुख कृष्ण लम्सालले बताउनुभयो । उहाँका अनुसार वालिङ नगरपालिकामा नौ, भिरकोटमाछ,बिरुवागाउँपालिकामा पाँच, फेदीखोलामा चार, चापाकोट र गल्याङ नगरपालिका तथा आँधीखोला हरिनास र अर्जुनचौपारी गाउँपालिकामा समान दुई-दुईवटा योजना छन् । कालीगण्डकी गाउँपालिकामा एउटामात्रै योजना कार्यान्वयनमा रहेको उहाँले जानकारी दिनुभयो ।

# राष्ट्रिय माविको हीरक जयन्तीमा खुल्ला रक्तदान कार्यक्रम गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

स्थापनाको ७५ औ वर्ष प्रवेशको अवसरमा आफनो हीरक महोत्सव मनाइरहेको पोखरा महानगरपालिका वडा नम्बर १ पुरानो टुँडिखेल स्थित राष्ट्रिय माध्यमिक विद्यालयले आउदो शनिबार खुल्ला रक्तदान कार्यक्रम गर्ने भएको छ ।

२० मंसिर ०८० मा आफनो स्थापनाको ७४ औ वर्ष पुरा गरि ७५ औ वर्षमा प्रवेश गरेको विद्यालयले हीरक महोत्सव २० मंसिर ०८० देखि २० मंसिर ०८१ सम्म एक वर्ष विविध कार्यक्रम गरि मनाउने कार्यतालिका अनुसार आउदो शनिबार अर्थात २७ माघमा खुल्ला रक्तदान कार्यक्रम आयोजना गर्न लागेको हो ।

यस अघि गत २० मंसिरमा प्रभातफेरी सगै हीरक महोत्वको शुभारम्भ भै सकेको छ । हिरक महोत्सव अन्तर्गत प्रभात फेरि पछि विद्यालयले रक्तदान कार्यक्रम गर्न लागेको विद्यालयका प्रधानाध्यापक ईश्वरी सापकोटाले जानकारी दिए ।

विद्यालयले सामाजिक उतरलायित्व अर्न्तग कार्यक्रम आयोजन ागर्न लागेको भनाई उनको छ । कार्यक्रममा धेरै भन्दा धेरैको सहभागिता गराउने गरि आफुहरुले काम गरिरहेको सापकोटाले जानकारी दिए ।

हीरक महोत्सव अर्न्तगत आउदो ८ बैशाख ०८१ मा विद्यालयमा अध्यूयन गरेका पुर्व विद्यार्थी, पुर्व शिक्षक/कर्मचारी, पुर्व विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एंव सदस्यहरु बिच परिचय सगै अनुभव आदान प्रदानको गर्ने उदेश्यले पुनमिलन समारोह आयोजना गर्न लागेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम विक्रम राणाले जानकारी दिए । पुनमिलन सगै सोही दिन विभिन्न मनोरञ्जनात्कम र सास्कृतिक कार्यक्रमहरु गरिने राणले जानकारी दिए ।